# नदी तथा खानीजन्य स्रोत उत्खनन्, सङ्कलन तथा बिक्री वितरणलाई व्यवस्थित गर्ने कार्यविधि, २०७९

**<u>प्रस्तावनाः</u>** नदी तथा खानीजन्य ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान र दहत्तर बहत्तर जस्ता प्राकृतिक स्रोतको उत्खनन्, सङ्कलन र बिक्री वितरण कार्यलाई व्यवस्थित तथा दिगो व्यवस्थापन गर्न वाञ्छनीय भएकोले,

कर्णाली प्रदेश आर्थिक ऐन, २०७९ को दफा १३ ले दिएको अधिकार प्रयोग गरी कर्णाली प्रदेश सरकारले यो कार्यविधि बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस कार्यविधिको नाम "नदी तथा खानीजन्य स्रोत उत्खनन्, सङ्कलन तथा बिक्री वितरणलाई व्यवस्थित गर्ने कार्यविधि, २०७९" रहेको छ।

(२) यो कार्यविधि कर्णाली प्रदेश सरकार मन्त्रिपरिषद्बाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "घाटगद्दी" भन्नाले नदी तथा खानीजन्य स्रोतको उत्खनन् वा सङ्कलन वा प्रशोधन गरी अस्थायी भण्डारणका लागि तोकिएको स्थान सम्झनु पर्छ।

(ख) "नदी तथा खानीजन्य स्रोत" भन्नाले नदी, खोला, खोल्सी, वन क्षेत्र वा सार्वजनिक वा निजी जग्गाबाट उत्खनन् वा सङ्कलन गरिने बहुमूल्य पत्थर, ऐतिहासिक र सांस्कृतिक महत्वका शालीग्राम, शीला, काठ र अति मूल्यवान वस्तु बाहेकका ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर र बहत्तर, रोडा, गेग्रान, चुनढुङ्गा, स्लेट ढुङ्गा जस्ता नदीले बगाई ल्याएको वा थिग्रिएको प्राकृतिक स्रोत सम्झनु पर्छ।

(ग) "मन्त्रालय" भन्नाले कर्णाली प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय सम्झनु पर्छ।

(घ) "राजश्व" भन्नाले नदी तथा खानीजन्य स्रोतको सङ्कलन वा खरिद गरे बापत स्थानीय तह वा प्रदेश सरकारलाई बुझाउनु पर्ने राजस्व सम्झनु पर्छ।

(ङ) "वातावरणीय अध्ययन प्रतिवेदन" भन्नाले प्रदेश वातावरण संरक्षण ऐन, २०७७ बमोजिमको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन, प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन सम्झनु पर्छ।

(च) "स्थानीय तह" भन्नाले गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ।

३. **कार्ययोजना तयार गर्नुपर्नेः** (१) प्रत्येक स्थानीय तहले देहायका कुराहरु समावेश गरी नदी तथा खानीजन्य स्रोतको उत्खनन् र सङ्कलन सम्बन्धी वार्षिक कार्ययोजना तयार गर्नु पर्नेछः-

(क) उत्खनन् र सङ्कलन गर्न हुने र नहुने क्षेत्र,

(ख) पूर्वाधार निर्माणको लागि आवश्यक परिमाण र स्रोतको उपलब्धता,

(ग) भण्डारण वा घाटगद्दी स्थल,

(घ) सङ्कलनको विधि र उपयोग हुने मेसिन औजार,

(ङ) स्थानीय तहले प्राप्त गर्ने अनुमानित आर्थिक लाभ।

(२) उपदफा (१) बमोजिम तयार गरिएको कार्ययोजना सम्बन्धित स्थानीय तहको कार्यपालिकाको बैठकमा पेश गरी स्वीकृत गराउनु पर्नेछ।

४. **वातावरणीय अध्ययन गरी प्रतिवेदन स्वीकृत गराउनु पर्नेः** (१) नदी तथा खानीजन्य स्रोतको उत्खनन् तथा सङ्कलन गर्ने स्थानीय तहले उत्खनन् तथा सङ्कलन गर्नु अघि वातावरण सम्बन्धी प्रचलित कानून बमोजिम वातावरणीय अध्ययन गरी अधिकारप्राप्त निकायबाट अध्ययन प्रतिवेदन स्वीकृत गराउनु पर्नेछ।

(२) स्थानीय तहले उपदफा (१) बमोजिम स्वीकृत अध्ययन प्रतिवेदनमा औंल्याइएका सुधारात्मक र प्रभाव न्यूनीकरण गर्ने उपायहरुको अनिवार्य रुपमा कार्यान्वयन गर्नु पर्नेछ।

५. **<u>नदी तथा खानीजन्य स्रोतको उत्खनन् र सङ्कलनः</u>** (१) नदी तथा खानीजन्य स्रोतको उत्खनन् र सङ्कलन गर्ने कार्य स्थानीय तह आफैले गर्नु पर्नेछ र त्यस्तो कार्य ठेक्कामा लगाई गर्न पाइने छैन।

(२) नदी तथा खानीजन्य स्रोतको उत्खनन् तथा सङ्कलन कार्य देहायको अवधिमा गर्न पाइने छैनः-

(क) असार एक गतेदेखि भाद्र मसान्तसम्म,

(ख) सुर्यास्तदेखि सुर्योदय नहुँदासम्म।

(३) नदी तथा खानीजन्य स्रोतको उत्खनन् कार्य गर्दा उत्खनन् स्थलमा प्रवेश गर्ने ढुवानी साधनको क्षमता वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेख भए बमोजिम हुनु पर्नेछ।

(४) नदी तथा खानीजन्य स्रोतको उत्खनन् तथा सङ्कलन गर्दा माटो, पानी, कृषियोग्य जमिन, जैविक विविधता जस्ता प्राकृतिक वातावरण तथा सडक, नहर, कुलो, विद्यालय, विश्वविद्यालय, मानव बस्तीजस्ता भौतिक पूर्वाधारको संरक्षणका लागि प्रदेश सरकारले राजपत्रमा सूचना प्रकाशित गरी निश्चित अवधिका लागि संवेदनशील क्षेत्र घोषणा गरी त्यस्तो कार्य गर्नमा रोक लगाउन सक्नेछ।

(५) नदी तथा खानीजन्य स्रोतको उत्खनन् तथा सङ्कलन कार्य गर्दा दुरी सम्वन्धी मापदण्ड अनुसूचीमा उल्लेख भए बमोजिम हुनेछ।

(६) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बाढी, पहिरो, डुबानले राजमार्ग, खेतबारी, गाउँ, बस्ती, शहर बजार र पक्की पुल जस्ता क्षेत्रमा थुपारेको नदी तथा खानीजन्य स्रोत हटाउनु पर्ने भएमा प्राविधिक टोलीको सिफारिसको आधारमा जिल्ला विपद् व्यवस्थापन समितिले हटाउन निर्देशन दिएमा स्थानीय तहले हटाउन सक्नेछ।

६. **नदी तथा खानीजन्य स्रोतको बिक्री वितरणः** (१) स्थानीय तहले नदी तथा खानीजन्य स्रोतको उत्खनन् तथा सङ्कलन गरी घाटगद्दी गरेपछि सोको मूल्याङ्कन गरी बिक्री वितरणको लागि सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रकाशित सूचना बमोजिम प्राप्त प्रस्ताव मध्ये सबैभन्दा बढी रकम कवोल गर्ने प्रस्तावकसँग सम्झौता गरी विक्री वितरणको व्यवस्था मिलाउनु पर्नेछ।

(३) स्थानीय तहले उत्खनन् तथा घाटगद्दी गर्दा भएको वास्तविक खर्च नदी तथा खानीजन्य स्रोतको बिक्रीबाट प्राप्त आम्दानीबाट कट्टा गरी बाँकी रकमको मात्र राजश्व बाँडफाँट गर्न सक्नेछ।

७. **घाटगद्दी सम्बन्धी व्यवस्थाः** (१) स्थानीय तहले नदी तथा खानीजन्य स्रोत उत्खनन् र सङ्कलन गरी बिक्री गर्नुपूर्व घाटगद्दी गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम घाटगद्दी गर्दा वातावरणीय अध्ययन प्रतिवेदनमा उपयुक्त भनी उल्लेख भएको क्षेत्रमा घाटगद्दीको स्थान तोक्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम तोकिएको बाहेकको स्थानमा कोही कसैले घाटगद्दी गर्न वा गराउन पाउने छैन।

(४) मन्त्रालयले प्रत्येक तीन महिनामा कम्तीमा एक पटक घाटगद्दी स्थलको अनुगमन निरीक्षण गर्नु पर्नेछ।

८. **नदी तथा खानीजन्य स्रोतको उपयोगः** (१) नदी तथा खानीजन्य स्रोतको उपयोगमा स्थानीय आवश्यकता र स्थानीय तहको माग र प्रदेशको विकास निर्माणमा चाहिने मागको आपूर्तिलाई पहिलो प्राथमिकतामा राख्नु पर्नेछ।

(२) राष्ट्रिय तथा प्रदेश गौरवका आयोजना, रुपान्तरणकारी आयोजना, प्रदेश सरकारका प्राथमिकता प्राप्त आयोजना तथा सार्वजनिक निर्माण कार्यका लागि नदीजन्य पदार्थको अभाव हुन नदिन वातावरणीय अध्ययन प्रतिवेदनको पालना हुने गरी स्थानीय तहले प्रचलित दर रेट अनुसारको कर तथा शुल्क लिई पहिले घाटगद्दी गर्न

लगाई सोको रकम निर्धारण गरी नदी तथा खानीजन्य स्रोत उपलब्ध गराउनु पर्नेछ।

(३) नदी तथा खानीजन्य स्रोतको उपलब्धताको आधारमा मन्त्रालयले अन्तर प्रदेश निकासीको सम्बन्धमा आवश्यक निर्णय गर्न सक्नेछ।

(४) नदी तथा खानीजन्य स्रोत विदेश निकासी सम्बन्धी व्यवस्था नेपाल सरकारले तोके बमोजिम हुनेछ।

९. **नदी तथा खानीजन्य स्रोतको राजस्व दररेट र बाँडफाँटः** (१) नदी तथा खानीजन्य स्रोतको बिक्री गर्दा लाग्ने राजस्व तथा शुल्क कर्णाली प्रदेश आर्थिक ऐन, २०७९ बमोजिम हुनेछ।

(२) खानी तथा खनिज पदार्थ बाहेकका निर्माणजन्य नदी तथा खानीजन्य स्रोतको राजस्वको बाँडफाँट कर्णाली प्रदेश आर्थिक ऐन, २०७९ बमोजिम हुनेछ।

तर नदी तथा खानीजन्य स्रोत विक्री वितरण नगरी आन्तरिक विकास निर्माण कार्यमा प्रयोग गरेमा स्थानीय तहले सोको मूल्य कायम गरी अभिलेख राखी प्रदेशको हिस्सा वापतको राजश्व प्रदेश सरकारलाई पठाउनु पर्नेछ।

(३) स्थानीय तहले नदी तथा खानीजन्य स्रोतको बिक्रीबाट प्राप्त हुने आम्दानीको कम्तिमा दश प्रतिशत रकम सङ्कलन, उत्खनन् गर्दा प्रभावित हुने क्षेत्रका बासिन्दा, समुदायको विकास वा वातावरण संरक्षणका कार्यमा खर्च गर्नु पर्नेछ।

१०. **ढुवानी तथा ओसारपसार सम्बन्धी व्यवस्थाः** (१) नदी तथा खानीजन्य स्रोतको ओसारपसार गर्दा देहाय बमोजिम गर्नु पर्नेछः-

(क) पानीले भिजेको र पानी चुहिने नदी तथा खानीजन्य स्रोत बोकेका ढुवानीका साधन पक्की सडकमा नगुडाउने,

(ख) ढुवानीका साधनले बहन गर्न पाउने तौल भन्दा बढी तौल राखी वा न्यून बिजक गरी वा नछोपी खुल्ला रुपले ढुवानी गर्न नहुने,

(ग) सडक विभाग र सम्बन्धित निकायले तोकेको सडक सीमा र मापदण्ड भित्रको क्षेत्रमा नदी तथा खानीजन्य स्रोत लगायतका कुनै पनि सामग्री सङ्कलन गर्न वा संचय गरी राख्न र त्यस्तो मालवाहक सवारी साधन उक्त क्षेत्रमा पार्किङ गर्न नहुने,

(घ) नदी तथा खानीजन्य स्रोत सङ्कलन तथा ढुवानी गर्दा वन क्षेत्रलाई हानी नोक्सानी पुऱ्याउन नहुने,

(ङ) ढुवानी गर्ने सवारी साधनले सङ्कलन वा उत्खनन् स्थल देखि अन्तिम गन्तव्यसम्म नदिजन्य तथा खानीजन्य पदार्थबाट धुलो उड्न नदिने गरी ढुवानी गरिने सामग्री छोप्ने,

(च) ढुवानी गर्ने सवारी साधनको गति चालिस किलोमिटर प्रतिघण्टाभन्दा वढी नगर्ने र प्रेसर हर्न प्रयोग नगर्ने,

(छ) ढुवानी गर्दा सडकको मापदण्ड, भारबहन क्षमता हेरी शहरी क्षेत्रमा ढुवानी गर्ने सम्बन्धमा प्रदेश सरकारले विशेष व्यवस्था गरेमा सोही बमोजिम गर्नु पर्ने।

(२) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारले भण्डारण वा घाटगद्दी क्षेत्र र आवश्यकता अनुसार अन्य क्षेत्रमा भारबहन क्षमता मापन मेसिन राखी कार्यान्वयन गर्न सक्नेछ।

(३) अन्तर स्थानीय तह वा अन्तर प्रदेशमा नदी तथा खानीजन्य स्रोतको ओसारपसार र ढुवानी गर्दा कसैले अवरोध वा कुनै किसिमको ढाट राखी थप कर, शुल्क वा दस्तुर लिन पाइने छैन।

**११. <u>प्रदेश अनुगमन समिति सम्बन्धी व्यवस्थाः</u>** (१) नदी तथा खानीजन्य स्रोत उत्खनन्, सङ्कलन, भण्डारण, ओसारपसार र बिक्री वितरणलाई व्यवस्थित गर्न गराउनका लागि देहाय बमोजिमको एक प्रदेश अनुगमन समिति रहनेछः-

(क) मन्त्री, मन्त्रालय - संयोजक

(ख) सचिव, शासकीय सुधार महाशाखा, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय - सदस्य

(ग) सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय - सदस्य

(घ) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय - सदस्य

(ङ) सचिव, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय - सदस्य

(च) सचिव, भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय - सदस्य

(छ) महाशाखा प्रमुख (वातावरण हेर्ने), मन्त्रालय - सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको समितिले बैठकमा आवश्यकता अनुसार विषय विज्ञ र प्राविधिकलाई आमन्त्रण गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) नदी तथा खानीजन्य स्रोतको उत्खनन्, सङ्कलन, भण्डारण, प्रशोधन तथा बिक्री वितरण सम्बन्धमा अनुगमन गरी प्रदेश सरकारलाई आवश्यक सुझाव दिने,

(ख) मन्त्रालय र स्थानीय तह बीच समन्वय गर्ने,

(ग) नदी तथा खानीजन्य स्रोतको उत्खनन्, सङ्कलन, भण्डारण, प्रशोधन तथा बिक्री वितरण सम्बन्धी मापदण्ड तर्जुमा र नियमनका लागि प्रदेश सरकारलाई सुझाव दिने,

(घ) नदी तथा खानीजन्य स्रोतको उत्खनन्, सङ्कलन, भण्डारण, प्रशोधन तथा बिक्री वितरण सम्बन्धमा अन्तर स्थानीय तहमा कुनै विवाद भएमा समन्वय गरी निरुपण गर्ने,

(ङ) अन्तर प्रदेश विवाद भएमा मन्त्रालय मार्फत प्रदेश सरकार समक्ष विवादको विषय पेश गर्ने,

१२. **<u>जिल्ला अनुगमन तथा समन्वय समिति सम्बन्धी व्यवस्थाः</u>** (१) नदी तथा खानीजन्य स्रोतको उत्खनन्, सङ्कलन, भण्डारण, प्रशोधन, ओसारपसार र बिक्री वितरण कार्यको अनुगमन गर्न प्रत्येक जिल्लामा देहाय बमोजिमको जिल्ला अनुगमन तथा समन्वय समिति रहनेछः-

(क) प्रमुख, जिल्ला समन्वय समिति - संयोजक

(ख) प्रमुख वा अध्यक्ष, सम्बन्धित स्थानीय तह- सदस्य

(ग) प्रमुख जिल्ला अधिकारी - सदस्य

(घ) प्रमुख, जिल्ला प्रहरी कार्यालय - सदस्य

(ङ) प्रमुख, उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय - सदस्य

(च) प्रमुख, डिभिजन वन कार्यालय - सदस्य

(छ) जिल्ला समन्वय अधिकारी, जिल्ला समन्वय समिति - सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको जिल्ला अनुगमन तथा समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) स्थानीय तहमा उत्खनन्, सङ्कलन, भण्डारण, प्रशोधन, ओसारपसार र बिक्री वितरण हुने नदी तथा खानीजन्य स्रोतको ठेक्कापट्टा कार्यान्वयनको स्थिति र वातावरण, कृषि प्रणाली, स्रोत सम्पदा, मानव बस्ती, भौतिक पूर्वाधार लगायतका संरचनामा सो कार्यले पारेको असर बारे अनुगमन गरी प्रदेश अनुगमन समितिलाई सुझाव दिने,

(ख) नदी तथा खानीजन्य स्रोतको उत्खनन्, सङ्कलन, भण्डारण र प्रशोधन कानून सम्मत कार्यान्वयन भए नभएको अनुगमन गरी नियमनका लागि प्रदेश अनुगमन समितिलाई सिफारिस गर्ने,

(ग) सडकको भारबहन क्षमता भन्दा बढी ओसारपसार भएमा वा तोकिएको अधिकतम मूल्य भन्दा बढी लिएको वा स्वीकृत मापदण्ड वा स्थानीय तहसँग भएको सम्झौता विपरीत उत्खनन्, सङ्कलन र प्रशोधन वा बिक्री भएमा नियमन गर्ने गराउने,

(घ) स्वीकृत कार्ययोजना र प्रचलित कानून विपरीत कार्य गर्नेलाई कारवाहीका लागि सम्बन्धित निकायमा सिफारिस गर्ने।

**१३. <u>अनुगमन सम्बन्धी अन्य व्यवस्थाः</u>** (१) स्थानीय तहले नदी तथा खानीजन्य स्रोतको उत्खनन्, सङ्कलन, भण्डारण तथा बिक्री वितरण कार्य स्वीकृत मापदण्ड र कार्यविधि बमोजिम भए नभएको अनुगमन गर्नु पर्नेछ।

(२) स्थानीय तहले उपदफा (१) बमोजिमको कार्य गर्न एक स्थानीय अनुगमन समिति गठन गर्न सक्नेछ।

**१४. <u>सूचना पाटी राख्ने व्यवस्था मिलाउनु पर्नेः</u>** नदी तथा खानीजन्य स्रोतको उत्खनन् तथा घाटगद्दी गर्ने स्थानीय तह र घाटगद्दीबाट बिक्रीको लागि ठेक्का पाएको पक्ष वा ढुवानीकर्ताले सङ्कलन वा उत्खनन् गरिने स्थानको लम्बाई, चौडाई तथा गहिराई सहितको चारकिल्ला, उत्खनन् गर्ने अवधि र समय, प्रयोग गरिने साधन र गुनासो सुन्ने अधिकारीको नाम, पद र सम्पर्क नम्बर लगायतका विवरण खुल्ने गरी उत्खनन् वा सङ्कलन स्थानमा सूचनापाटी राख्ने व्यवस्था मिलाउनु पर्नेछ।

**१५. <u>मूल्य अभिवृद्धि करमा दर्ता हुनुपर्नेः</u>** यस कार्यविधि बमोजिम ठेक्का लिने व्यवसायी अनिवार्य रुपमा मूल्य अभिवृद्धि करमा दर्ता भएको हुनुपर्नेछ।

**१६. <u>वातावरणीय पुनर्स्थापनाका कार्य गर्नु पर्नेः</u>** (१) प्रदेश र सम्बन्धित स्थानीय तहले उत्खनन्, सङ्कलन, भण्डारण, ओसारपसार र बिक्री वितरण कार्य सम्पन्न भइसकेपछि योजना बनाई उत्खनन् क्षेत्र वा

आसपासका क्षेत्रमा हरियाली प्रबर्द्धन, तटबन्ध निर्माण, थिग्र्याउने पोखरी निर्माण, खोलाको बहाव नियन्त्रण गर्न पक्की बाँध लगायतका भू तथा जलाधार संरक्षण जस्ता वातावरणीय पुनर्स्थापनाका कार्य गर्नु पर्नेछ।

(२) नदी तथा खानीजन्य स्रोतको उत्खनन् र सङ्कलन कार्यबाट वातावरण, गाउँ बस्ती, कृषि भूमि, वन क्षेत्र र जलाधारमा प्रतिकूल प्रभाव परेको अवस्थामा खोला, नदी र आसपासका क्षेत्रको भूबनोट, प्राकृतिक सुन्दरता, वन जङ्गल, जलाधार र कृषि प्रणालीको संरक्षण गर्न स्थानीय तहले सो कार्यमा तत्काल रोक लगाई संरक्षण र पुनरुत्थानको कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।

(३) खोला वा नदीबाट नदीजन्य पदार्थ उत्खनन् गर्दा खोला वा नदीको चौडाई तर्फको बीच वा मध्ये भागमा लम्वाई भागतर्फ बीचबीचमा उत्खनन् नगरी छाडेर निश्चित आकारको खाडल बनाई उत्खनन् गरी पानीको तेज बहावका कारण हुने भू-क्षय नियन्त्रण गर्ने एवम् खाडलमा नदीजन्य पदार्थ पुनः थुप्रन गई पुनःविक्री गर्न नदीजन्य पदार्थ उपलब्धता हुने प्रकारको तरिका अपनाउन प्राविधिक मापदण्ड बनाई सम्झौता शर्तमा लागू गर्नु पर्नेछ।

१७. **<u>निषेधित कार्यः</u>** यस कार्यविधि बमोजिम देहायका कार्य निषेध गरिएको छः-

(क) प्रचलित कानून बमोजिम दर्ता नगरी अवैध रुपमा नदी तथा खानीजन्य स्रोत उत्खनन्, सङ्कलन, भण्डारण र प्रशोधनको कार्य गर्न,

(ख) वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत नगरी नदी तथा खानीजन्य स्रोत उत्खनन्, सङ्कलन, भण्डारण र प्रशोधनको कार्य गर्न,

(ग) नदी तथा खानीजन्य स्रोत उत्खनन्, सङ्कलन, भण्डारण र प्रशोधनको कार्यका लागि स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनका शर्त उल्लंघन गर्न,

(घ) पुरातात्विक, धार्मिक तथा सौन्दर्यजन्य महत्वका बहुमूल्य ढुङ्गा पत्थरको उत्खनन्, सङ्कलन तथा बिक्री वितरण गर्न ।

१८. **कारवाहीका लागि लेखी पठाउने**: कसैले दफा १७ बमोजिमका निषेधित कार्य गरेमा प्रचलित कानूनमा व्यवस्था भए बमोजिम आवश्यक कारवाहीको लागि सम्बन्धित निकायमा लेखी पठाउनु पर्नेछ।

१९. **कार्ययोजना र वातावरणीय अध्ययन प्रतिवेदन पेश गर्नु पर्ने**: (१) सम्बन्धित स्थानीय तहले आफ्नो क्षेत्रभित्र नदी तथा खानीजन्य स्रोत सङ्कलन गर्नु अघि कार्ययोजना र प्रचलित कानून बमोजिम स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन मन्त्रालयमा पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त कार्ययोजना र वातावरणीय अध्ययन प्रतिवेदनबाट वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव नपर्ने देखिएमा मन्त्रालयले त्यस्तो क्षेत्रमा नदी तथा खानीजन्य स्रोत उत्खनन् तथा सङ्कलन गर्न शर्त सहित स्वीकृति दिन सक्नेछ।

२०. **नेपाल सरकारबाट स्वीकृत मापदण्ड बमोजिम हुने**: यस कार्यविधि बमोजिम हुने कार्यको लागि अन्य प्रक्रिया नेपाल सरकारबाट स्वीकृत "ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, विक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७" बमोजिम हुनेछ।

## अनुसूची

(दफा ५ को उपदफा (५) सँग सम्बन्धित)

## नदी तथा खानीजन्य स्रोतको उत्खनन् र सङ्कलन कार्यका लागि दुरी सम्वन्धी मापदण्ड

| क्र.सं. | विवरण | भित्री मधेशमा | पहाडी क्षेत्रमा |
|---|---|---|---|
| (क) | तालतलैया र धार्मिक महत्वका पोखरी | १ कि.मि. बाहिर | ५०० मि. बाहिर |
| (ख) | हाइटेन्सन लाइनबाट | ५०० मि. बाहिर | ५०० मि. बाहिर |
| (ग) | शिक्षण संस्था, स्वास्थ्य संस्था, धार्मिक, सांस्कृतिक र पुरातात्विक महत्वका स्थान, सुरक्षा निकायबाट | १ कि.मि. बाहिर | ५०० मि. बाहिर |
| (घ) | निकुञ्ज, आरक्ष क्षेत्र | १ कि.मि. बाहिर | ५०० मि. बाहिर |
| (ङ) | घनाबस्तिबाट | १ कि.मि. बाहिर | ५०० मि. बाहिर |
| (च) | वन क्षेत्रबाट | १ कि.मि. बाहिर | ५०० मि. बाहिर |
| (छ) | पक्की एवम् झोलुङ्गे पुलबाट | ५०० मि. बाहिर | ५०० मि. बाहिर |
| (ज) | राजमार्गबाट | १ कि.मि. बाहिर | ५०० मि. बाहिर |
| (झ) | अन्तर्राष्ट्रिय सीमानाभित्र | कम्तिमा १ कि.मि. बाहिर | कम्तिमा १ कि.मि. बाहिर |